**१.परिचय :**

**२. कक्षा एकको स्थानीय पाठ्यक्रमका साधारण उद्देश्यहरू :**

**३. कक्षागत उद्देश्यहरू / सक्षमता**

कक्षा एकको अध्ययन पुरा गरेपछि इन्द्रावती परिचय विषयमा बालबालिकाहरू निम्नलिखित कार्यगर्न सक्षम हुनेछन् :

१. आफु जन्मेको ठाउँ, टोल, वडा र गाउँपालिकाको नाम बताउन ।

२. स्थनीय नदिनाला, ऐतिहासिक तथा प्राकृतिक स्थलहरूको नाम बताउन ।

३. आफ्नो टोल बस्तीमा बसोबास गर्ने जातजातिहरूको सूची तयार गर्न ।

४. आफ्नो टोल बस्तीमा भएका धार्मिक स्थलहरूको नाम बताउन ।

५. स्थानीयबासीले मनाउने कुनै तीनवटा चाडपर्वहरूको नाम बताउन ।

६. स्थानीय बोलीचालीका आधारूत शब्दहरू प्रयोग गर्न ।

७. स्थनीय रुपमा प्रयोग हुने कुनै दुईओटा बाजा र कुनै एउटा नाचको नाम बताउन ।

८. प्रचलित स्थानीय कुनै एक संस्कारको परिचय दिन ।

९. स्थानीय स्तरमा उब्जनी हुने तीन तीन ओटा अन्नबाली, फलफूल र तरकारीहरूको नाम बताउन ।

१०. स्थनीय पेशा तथा व्यवसायको नाम बताउन ।

११. स्थानीय स्तरमा खेलिने कुनै दुईओटा बालखेलहरू खेल्न ।

१२. हरित विद्यालयको परिचय दिन ।

# इन्द्रावती गाउँपालिका
# स्थानीय पाठ्यक्रम – २०७७

## विषय : इन्द्रावती परिचय

## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १.इन्द्रावतीको भूगोल र प्राकृतिक सम्पदा | !=cfkm' hGd]sf] 7fpँ, टोल, वडा र गाउँपालिकाको नाम बताउन । | इन्द्रावतीको विभिन्न ठाउँहरूको नामः जस्तै भीमटार, बाटुले चौर स्थानीय तह र वडाको नाम | तपाई कहाँ बस्नुहुन्छ भनेर सबै बालबालिकाहरूलाई सोध्ने प्राप्त उत्तरलाई टिप्तै जाने, इन्द्रवती गा.पा.को १२ वटा वडाहरू अंकित नक्सा देखाएर उनीहरू बस्ने वडा देखाइ दिने र नक्सा हेरेर आफु बसेको ठाउँ चिन्न र भन्न लगाउने, हामी बस्तै आएको गाउँपालिकाको नाम इन्द्रवती हो भनी भन्न, चिन्न, र लेख्न लगाउने । इन्द्रवती का विभिन्न ठाउँको भिडियो क्लीप्स देखाएर छलफल गराउने, विद्यालय वरपरका ठाउँहरू घुमाउने र छलफल गर्ने । | इन्द्रवती गा.पा.को १२ वडाहरू अंकित नक्सा, भिडियो क्लीप्स आदी । | तपाई बस्ने ठाउँको नाम के हो ? भिडियो क्लीप्स देखाएर विभिन्न ठाउँको नाम सोध्ने । हाम्रो गाउँपालिकाको नाम के हो ? तपाई कति नम्बर वडामा बस्नुहुन्छ ? | १२ |
| २. प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरू | २.स्थनीय नदिनाला, ऐतिहासिक तथा प्राकृतिक स्थलहरूको | २.स्थनीय नदिनाला, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरू जस्तैः इन्द्रवती नदी, बाटुले चौर, | तपाइको घर वरपर कुन नदी(खोला) छ ? भनी साध्ने र विद्यार्थीहरूबाट आएको उत्तर सेतो पाटीमा टिप्ने र छलफल गर्ने । विद्यालय सेवा क्षेत्रमा भएका नदिनाला, ऐतिहासिक तथा प्राकृतिक नाम बताउने । | फोटाहरू वा भिडियो । | आफ्नो ठाउँमा भएको कुनै एक खोला वा नदीको नाम भन्नुहोस् ? हाम्रो विद्यालयको नजिकमा पाइने कुनै | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नाम बताउन । | लहरेमाने डाँडा, भिमसेन ढुंगो आदी को सामान्य जानकारी । | त्यस्ता सम्पदाहरुको फोटा वा भिडियो देखाएर बर्णन गर्ने । विद्यालयको नजिकमा भएमा सम्पदाहरुको अबलोकन भ्रमण गराउने र छलफल गर्ने, चित्र कोर्न, नाम लेख्न र चिन्न लगाउने । | | दुईओटा प्राकृतिक वा ऐतिहासिक स्थलहरूको नाम लेख्नुहोस् । | |
| ३.स्थानीय जातजाति, र जनसंख्या | ३. आफ्नो टोल बस्तीमा बसोबास गर्ने जातजातिहरूक ो सूची तयार गर्न । । | आफ्नो टोल बस्तीमा बसोबास गर्ने जातजातिहरू जस्तैः ब्रामण, क्षेत्री, तामाङ, माझी, दनुवार, मगर, नेवार, कामी, दमाई आदी को सामान्य जानकारी । | बालबालिकाहरूलाई आफ्नो र साथीको जात (थर) भन्न लगाउने । समुह बिभाजन गरी स्थानीय स्तरमा बसोबास गर्ने जातजातिहरूको सूची तयार गर्न लगाउने । शिक्षकले आफ्नो नाम, थर र ठेगाना लेख्ने बताउने र बालबालिकाहरूलाई परिचय दिन सिकाउने र आ आफ्नो परिचय कपिमा लेख्न लगाउने । | शब्द पत्ती | तपाइको ठाउँमा बसोबास गर्ने कुनै पाँच जातजातिहरूको नाम बताउनुहोस् । | १२ |
| ४.स्थानीय धार्मिक सम्पदाहरू | .४. आफ्नो टोल बस्तीमा भएका धार्मिक स्थलहरूको नाम बताउन । | आफ्नो टोल बस्तीमा भएका धार्मिक स्थलहरू जस्तैः सतिको माने ( २०० वर्ष पुरानो), भीमसेन मन्दिर, छोर्ते गुम्बा,सेतिदेबी मन्दिर, जलेश्वर महादेव मन्दिर, कृष्ण मन्दिर, सन्तोसी माता मन्दिर, आदी । | तपाईको घर वरपर कनै मन्दिर छ ? भनी सोध्ने र विद्यार्थीहरूले भनेको कुरा टिपेर छलफल गराउने । विद्यालय वरपरका धार्मिक स्थलहरुको भिडियो वा फोटाहरू देखाएर वर्णन गर्ने । विद्यालय नजिकै कुनै धार्मिक स्थल भएमा भ्रमण गराई छलफल गर्ने । मन्दिर वा मानेको चित्र कोर्न र रंग भर्न लगाउने । | भिडियो र फोटाहरू | भिडियो वा फोटा देखाएर मन्दिर वा मानेको नाम भन्न र चिन्न लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.स्थानीय चाँडपर्व | ५.स्थानीयबासी ले मनाउने कुनै तीनवटा चाडपर्वको नाम बताउन | स्थानीय स्तरमा मनाइने पर्वहरू जस्तै : ल्होसार, भूमे घ्याङ, माघे सङ्ग्राती, दशैं, तिहार, तीज, गाइजात्रा, ब्रतबन्ध, घेवा, गुम्बा घ्याङ, कृष्णअस्टमी, कुशेऔंशी, मातातीर्थ (आमाको मुख हेर्ने दिन ), गोठ पूजा, कोशी पूजा (माझी), बुद्ध जयन्ति, जलदेबी आइतबारे पूजा,छेवार, पास्नी, गुल्पु धाँली क्रिया, श्राद्ध, घ्याङग्रम, गुन्यूचाली आदी । | - चाँडपर्वको सामान्य परिभाषा बताउने<br>- विद्यार्थीले मनाउने गरेका चाँडपर्वहरूको नाम मस्तिष्क मन्थन (Bren storming) विधि अपनाइ सङ्कलन गर्ने<br>- प्राप्त नामहरू बोर्डमा टिप्दै जाने<br>- आएका नामहरूमध्येबाट विद्यालय रहेको क्षेत्रभित्रका मनाइने चाँडपर्वहरू कुन कुन हुन् भनी छलफल गराउने ।<br>- छलफलबाट आएका नामहरू छुट्टै लेख्ने ।<br>- ती नामहरू मध्ये कुनै तीनवटा चाँडपर्वको नाम भन्न लगाउने ।<br>- कुनै एउटा पर्व मनाएको नाटकीकरण गराउने ।<br>- शिक्षकले थप सहजीकरण गर्ने | चाँडपर्वको नाम उल्लेख भएको चार्ट, स्थानीय रूपमा चाँडपर्व मनाउँदै गरेका चित्रहरू, चाँडपर्वको नाम लेखिएका मेटाकार्डहरू र सोको सङ्क्षिप्त परिचय भएको चार्ट, भिडियो क्लिपहरू | कुनै दुईवटा पर्वको नाम भन्नुहोस् । | १२ |
| ६.स्थानीय बोलीचाली | ६.स्थानीय बोलीचालीका आधारभूत शब्द र वाक्यहरू प्रयोग गर्न । | जातिय उपस्थितिको बाहुल्यताका आधारमा सो जातिमा बोल्ने अभिवादनका शव्दहरू, विदाइका शव्दहरू, तपाईंको नाम के हो?, तपाईं कहाँ बस्नुहुन्छ ? तपाईं कति वर्षको | - (नमस्कार) गर्दै गरेको चित्र देखाउँदै यो के गरेको ? यसलाई तपाईंको भाषामा के भनिन्छ भनी सोध्ने ।(अरू पनि यस्तै)<br>- जातिगत उपस्थितिका आधारमा विभिन्न जवाफ प्राप्त हुनेछन् । ती जवाफहरूलाई बोर्डमा टिप्ने ।<br>- एउटा भाषाको शव्द र अर्को भाषाको शव्द बीच अर्थ मिल्ने गरी स्पष्ट पार्ने । | -चित्रहरू<br>- जानकारी दिइने शव्द उल्लेख भएका चार्टहरू | -जानकारी दिइएका शव्दहरूको सही प्रयोग गरेका छन् छैनन् ? अनुगमन गर्ने<br>-नमस्कार, धन्यवादलाई तपाईंको भाषामा के भनिन्छ ? | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | हुनुभयो ? आदि | - स्थानीय आधारभूत शव्द र अर्थ उल्लेख भएका शव्दपत्तीहरू देखाउने ।<br>- स्थानीय जातिय बाहुल्यताका आधारमा जोड दिइ शव्दहरू प्रयोग गर्न लगाउने<br>- कक्षामा ती शव्दहरू प्रयोग गर्न लगाइ कुराकानी गराउने ।<br>- विद्यार्थीहरूको लहर बनाएर प्रधानाध्यापक, शिक्षक र ठूलाकक्षाका विद्यार्थीहरूलाई स्थानीय भाषामा अभिवादन गर्न पठाउने ।<br>- शव्दार्थ खेल खेल्न लगाउने ।<br>- अस्थानीय वा गैरभाषी शिक्षक भएमा स्थानीय भाषाका ज्ञाता शिक्षकको सहयोग लिने । | | | |
| ७.स्थानीय बाजागाजा र नाच | ७.स्थानीय रूपमा प्रयोग हुने कुनै दुईवटा बाजाको नाम बताउन | क. स्थानीय जातिय बाहुल्यताको आधारमा स्थानीय बजाइने बाजागाजामा डम्फू नौमती, पञ्चेबाजा, आदि | - स्थानीय रूपमा प्रयोग हुने बाजाहरू वा सोको चित्र देखाउँदै नाम र सामान्य परिचय बताउने ।<br>- ती बाजाहरू कुन कुन अवसर वा समयमा बजाइन्छ जानकारी गराउने ।<br>- बाजा बजाउन लगाउने<br>- स्थानीय बाजा बजाउने सीप भएका अभिभावक वा व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गर्न पनि सकिन्छ ।<br>- स्थानीय जात्रा चाँडपर्वको | -चित्रहरू<br>- सम्भव भएसम्मका बाजाहरू<br>- बाजाका रिप्लिकाहरू<br>- बाजा बजाएका धुनका श्रव्यदृश्यहरू | कुन कुन बाजा बजाएको सुन्नु भएको छ ?<br><br>चित्रमा देखाइएको बाजाको नाम भन्नुहोस् ।<br><br>- कागतको डम्फू बनाएर कक्षामा प्रदर्शन गर्नुस् । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अवसरमा अवलोकन गराउन लैजाने ।<br>- शिक्षकले आवश्यक सहजीकरण गर्ने । | | | |
| | ८.एउटा स्थानीय नाचको नाम बताउन । | ख. सेलो गीत, सेलो नाँच, विहेको बेलामा नाचिने रत्यौली, धाननाच आदि | - तपाईंहरूले कुन कुन नाच हेर्नु भएको छ भनी प्रश्न गरी विद्यार्थीबाट आएका स्थानीय रूपमा प्रचलित नाचहरूको नाम बोर्डमा टिप्ने<br>- स्थानीय रूपमा प्रचलित नाँचको चित्र वा भिडियो देखाउने ।<br>- एउटा स्थानीय नाचको नमूना प्रस्तुत गर्न लगाउने ।<br>- नाच सम्बन्धी अनुभव सुनाउन लगाउने<br>- स्थानीय नाचगान सम्बन्धी सीप भएका अभिभावक वा व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गर्ने ।<br>- शिक्षकले आवश्यक सहजीकरण गर्ने । | चित्रहरू, स्थानीय नाचका नाम उल्लेख भएका शव्दपत्तीहरू, भिडियोहरू | स्थानीय भाषामा कुनै एउटा गीत गाएर सुनाउनु होस् ।<br><br>सेलो गीत गाएर सुनाउनुहोस् । | ६ |
| ८.स्थानीय संस्कारहरू | ९.प्रचलित कुनै एक स्थानीय संस्कारको परिचय दिन । | जन्मको बेलामा गर्ने न्वारान, पास्नी, गुन्यूचोलो (छोरी) छेवार (छोरा), विहे चारदाम, मृत्यू संस्कार डोवा, धुन्जे र घेवा आदि (तामाङ जातिमा | - प्रत्येक संस्कारका चित्रहरू देखाउने ।<br>- सम्भव भए श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने ।<br>- पास्नी गरेको चित्र देखाउने र यो के गरेको भनी प्रश्न सोध्ने<br>- प्राप्त उत्तरहरूलाई बोर्डमा टिप्ने ।<br>- पास्नी संस्कार सम्बन्धी अनुभव | संस्कार सम्बन्धी भिडिओ, चित्रहरू आदि । | - तपाईले कसैको पास्नीमा गरेको देख्नु भएको छ ?<br><br>- पास्नीमा के के गरेको देख्नुभयो ? | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आधारित अन्य जातिको उल्लेख गर्न बाँकी) | आदानप्रदान गराउने ।<br>- छलफलको निचोडको रूपमा शिक्षकले बताइ दिने । | | | |
| ९.स्थानीय उब्जनीहरू | १०.स्थानीय स्तरमा उब्जनी हुने पाँचओटा अन्नबालीका नाम बताउन । | स्थानीय स्तरमा उब्जनी हुने प्रमुख अन्नबालीहरू जस्तैः धान, मकै, कोदो, गहुँ, फापर आदी । | तपाइले आज के खानु भयो ?भनी सबै विद्यार्थीलाई सोध्ने । प्राप्त जवाफलाई टिपोट गर्ने । हामीले खाने भात र रोटी कुन कुन अन्नबाट बन्छ ? भनी सोध्ने । केही अन्नहरू जस्तैः धान, मकै, कोदो, गहुँ, फापरलाई अलग अलग कपिको पानामा राखेर विद्यार्थीहरूलाई हेर्न, छुन र नाम भन्न लगाउने । हामीले खाने भात धान वा मकैबाट र रोटी कोदो, गहुँ र फापरबाट बन्छ भनी बताउने । विद्यालय नजिकैको खेतकारीमा फलेका अन्नबालीहरूको अवलोकन गराउने र छलफल गर्ने । गार्थीहरूलाई | धान, मकै, कोदो, गहुँ, फापर जस्ता अन्नहरू | हाम्रो खेतबारीमा उब्जनी हुने कुनै तीनओटा अन्नका नाम भन्नुहोस् । समूहमा अन्नका गेडाहरू गमले कापिमा टाँसेर नाम लेख्न लगाई परियोजना कार्य गराउने । | १० |
| | ११. स्थानीय स्तरमा फल्ने फलफूलहरूको नाम बताउन । | स्थानीय स्तरमा फल्ने फलफूलहरू जस्तैः केरा, अम्बा, सुन्तला, आँप, कटहर, लिचि, हलुवाबेद | तपाइले कुन कुन फलफूल खानुभएको छ ? क कसको बारीमा कुन कुन फलफूलको बोट छ ? जस्ता प्रस्न सोध्ने र प्राप्त उत्तरलाई टिपोट गरी छलफल गर्ने । साँच्चैको फलफूल वा चित्र देखाएर नाम भन्न लगाउने । फलफूलको चित्र बनाएर रंग भर्न लगाउने । | फलफूल वा चित्रहरू | हाम्रो ठाउँमा फल्ने कुनै तीनओटा फलफूलका नाम बताउनुहोस् । | १० |
| | १२. स्थानीय स्तरमा उत्पादन हुने तरकारीका नाम बताउन । | स्थानीय स्तरमा उब्जनी हुने तरकारीहरू जस्तैः रायोको साग, आलु, | विद्यर्थीहरूलाई आज खाएको तरकारीको नाम भन्न लगाउने र प्राप्त जबाफ सेतोपाटीमा लेख्ने र छलफल गर्ने । रायोको साग, आलु, | तरकारीका नमूना वा चित्रहरू | हाम्रो खेतबारीमा उत्पादन हुने कुनै तीनओटा तरकारीका नाम बताउनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | फर्सी, स्कुस, बरेला, काउली, गोलभेंडा आदी । | फर्सी, स्कुस, बरेला, काउली, गोलभेंडा जस्ता तरकारीका नमूना वा चित्र देखाएर नाम भन्न लगाउने । | | | |
| | | | | | | |
| १०.स्थानीय सीप, पेशा र व्यवसाय<br><br>(स्थानीय आर्थिक क्रियाकलाप ) | १३.:ygLo k]zf tyf Joj;fosf] gfd atfpg . | कृषि तथा माछा मार्ने पेशाका औजारहरू जस्तैः हलो, जुवा, कोदालो, जाल, बल्छी आदी । | हलो, जुवा, कोदालो, जाल, बल्छी आदीको मोडल वा फोटो देखाएर नाम भन्न लगाउने । कुन औजारको प्रयोग के काममा गरिन्छ ? भनी छलफल गराउने । हलो जोतेको, धान रोपेको, माछा मारेको अभिनय गर्न लगाउने । विद्यालय नजिकको घरमा लगेर कृषि वा माछा मार्ने औजारहरूको अवलोकन गराएर छलफल गर्ने । | कृषि तथा माछा मार्ने जौजारका मोडल वा फोटाहरू । | कृषि तथा माछा मार्ने जौजारका नाम भन्न, लेख्न र चिन्न लगाउने । | १२ |
| ११.स्थानीय खेलहरू | १४.स्थानीय स्तरमा खेलिने कुनै दुईवटा बालखेलहरू खेल्न । | हली र गीर, गट्टी खेल, डण्डीबियो आदि | - कुनै स्थानीय खेल खेल्दै गरेको चित्र देखाउँदै चित्रमा के गरेको भनी प्रश्न गर्ने ।<br>- प्राप्त उत्तरहरू टिप्दै जाने र आवश्यक भए चित्रका बारेमा थप कुरा बताउने<br>- खेलको परिचय र खेल्ने तरीका बताउने ।<br>- खेल सामग्री प्रदर्शन गर्ने ।<br>- समूह बनाइ खेल अभ्यास गराउने ।<br>- विजयी विद्यार्थी/समूहलाई पुरस्कार दिइ प्रोत्साहित गर्ने । | खेल सामग्रीहरू, खेल चित्र चार्ट, खेलका नियमहरू उल्लेख भएको चार्ट । | - हली र गीर खेल खेल्नु भएको छ ?<br><br>-डण्डिबियो खेल कसरी खेलिन्छ ?<br><br>- सही रूपमा खेलेको छ वा छैन हेरेर मूल्याङ्कन गर्ने । | १२ |
| १२.हरित | १५.बाल | स्थानीय क्षेत्रको | बाल बगैंचाको चित्र संकलन, | चित्रहरू, | बाल बगैंचा भनेको के | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालय | बगैंचाको परिचय दिन । | बालबगैंचा अबलोकन गरी विद्यालयमा निर्माण । | भिडीयो प्रदर्शन र छलफल । शिक्षक विद्यार्थीको छलफलबाट बाल बगैंचाको क्षेत्र छनोट र समूहगत रुपमा माटोको तयारी । शिक्षकको सहयोगमा बाल बगैंचाको तयारी र बाल बगैंचाको परिचय प्रस्तुती । | भिडीयो र माटो आदी | हो ? बाल बगैंचा निर्माण गर्दा कस्तो ठाउँ छनोट गर्नु पर्छ ? बाल बगैंचामा लगाउन मिल्ने कुनै पाँच बोटविरुवाको नाम लेख्नुहोस् । | |

- पाठ्यभार ९५ मात्र पुगेको छ ।
- स्थानीय सीप, पेशा र व्यवसायलाई स्थानीय आर्थिक क्रियाकलाप भन्ने कि ? पछि जडिबुटी जस्ता विषय समेट्न सजिलो पर्छ ।